नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## डेपुटी गभर्नर अधिकारीद्वारा APG को वार्षिक सभामा सहभागिता

नेपाल सदस्य रहेको Asia Pacific Group on Money Laundering (APG) को १६ औं वार्षिक सभा चीनको सङ्घाई सहरमा असार ३१ देखि साउन ४ गते (१५-१९ जुलाई २०१३) सम्म सम्पन्न भयो ।




नेपाल लगायत APG का ४१ सदस्य राष्ट्र, २३ Observer मुलुक तथा संस्थाका ३०० प्रतिनिधिको सहभागिता रहेको उक्त सभामा नेपाली टोलीको नेतृत्व डेपुटी गभर्नर महाप्रसाद अधिकारीले गर्नु भएको थियो । पाँच दिन चलेको उक्त कार्यक्रममा वार्षिक कार्यसमीक्षा लगायत विभिन्न सदस्य मुलुकहरूका प्रगति प्रतिवेदन उपर विस्तृत छलफल भई स्तर समेत तोकिएको थियो ।

२०१० को Mutual Evaluation बाट नेपालको Enhanced Follow Up र गत वर्ष Regular Follow up with Expedited Reporting मा परेको थियो । यस वर्षको प्राविधिक मूल्याङ्कनमा १६ वटा Core and Key Recommendations मध्ये १० वटामा Largely Compliant हुन पुगी नेपाल Regular Follow Up मा आउन सफल भयो । यस सम्बन्धमा नेपालको प्रतिवद्धता र नेपालले गरेको प्रगति विवरण डेपुटी गभर्नर अधिकारीले सो अवसरमा प्रस्तुत गर्नुभएको थियो ।

सो सभामा आपसी चासो र आवश्यकताका सम्बन्धमा विभिन्न मुलुक, दातृ निकाय लगायत दक्षिण एसियाली मुलुकहरुबीच छुट्टाछुट्टै बैठक तथा छलफल सम्पन्न भएका थिए । वार्षिक सभाको समयलाई सदुपयोग गर्दै South Asian Countries का छुट्टै दुई वटा बैठक सम्पन्न भएका थिए । उक्त बैठकमा APG Steering Group प्रतिनिधिको मनोनयन, SAARC Member हरुबीचको आपसी सहकार्य र समन्वयका सम्बन्धमा छलफल गरिएको थियो । साथै, बैठकमा क्षेत्रीय सामूहिक चासो औपचारिक रुपमा उठाउन आवश्यक संयन्त्र बनाउन समेत आवश्यक पहल गर्ने निर्णय समेत गरिएको थियो ।

सो अवसरमा नेपालले दक्षिण एशियाको तर्फबाट APG को Steering Group को प्रतिनिधित्व गरिरहेको हुँदा Steering Group को विभिन्न बैठकहरुमा नेपालले आफ्नो धारणा समेत प्रस्तुत गरेको थियो ।

२०७० साउन १० गते, बिहीवार

गभर्नरको कार्यालय